# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।१३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री सशस्त्र प्रहरी बल, नेपाल, नं. ११ गण हे.क्वा हजमिनिया, रौतहटमा कार्यरत रही सो कार्यालयबाट सादा पोशाकमा परिचालित सशस्त्र प्रहरी जवान अरूण झाले नेपाल भारत सीमाबाट कस्मेटिक सामानहरू ल्याउन सहज गराईदिने भनि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीबाट खटिइ गएको टोलीले निज सशस्त्र प्रहरी जवान अरूण झालाई सेवाग्राहीसँग रू.३०,०००।—(तीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा सशस्त्र प्रहरी जवान अरूण झाले सेवाग्राहीलाई नेपाल भारत सीमा बजारबाट सामान खरिद गरी ल्याउन सहज गरिदिए बापत भनि रू.३०,०००।—(तीस हजार) घुस रकम माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रू.३०,०००।— (तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता